# सिद्ध कुमाख गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
### ढोरचौर, सल्यान
### कर्णाली प्रदेश, नेपाल

प.स. २०८१।८२
च.न.

मिति २०८२/०३/२१ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।
२. भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासका लागि क्षेत्र निर्धारण ।
३. भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्यांक संकलनको लागि सूचना प्रकाशन सम्वन्धमा ।
४. आवश्यक सहयोग सम्वन्धमा ।
५. नागरिक सन्तुष्टी सर्वेक्षण र रोगजार रणनीति तर्जुमा तथा बैदेशिक रोजगार सम्वन्धी प्रोफाइल प्रस्तुतिकरण सम्वन्धमा ।
६. संघीय शिक्षण सहयोग अनुदान कोटा वितरण गर्ने सम्बन्धमा ।
७. आर्थिक सहायता सम्वन्धमा ।
८. विविध सम्वन्धमा ।

**प्रस्ताव नं १  अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०३/१० गते बसेको गाउँ कार्यपालिकाको एक्काइसौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासका लागि क्षेत्र निर्धारण ।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाको क्षेत्रलाई **भूमिहिन दलित, भुमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीले बसोबास वा आवाद कमोत गरेको क्षेत्रलाई देहाय बमोजिम तहगत क्षेत्र निर्धारण** निर्णय गरियो ।

| सि नं | तहगत क्षेत्र | क्षेत्रमा परेका स्थानहरु |
|---|---|---|
| १ | ग्रामिण क्षेत्र | अन्य क्षेत्रमा उल्लेखित क्षेत्र बाहेक सबै |
| २ | सहरोन्मूख क्षेत्र | मोखला, पटारे, चाख्लिघाट, छापडाँडा |
| ३ | शहरी क्षेत्र | नभएको |
| ४ | गाउँपालिका केन्द्र | ढोरचौर बजार देखि शान्ति बजार सम्म |

**प्रस्ताव नं ३ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको तथ्यांक संकलनको लागि सूचना प्रकाशन सम्वन्धमा ।**

**निर्णय नं ३:**

सिद्ध कुमाख गाउँपालिका भित्र रहेका **भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको** तथ्यांक संकलनको लागि गाउँपालिकाको कार्यालयले सूचना प्रकाशन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ४ आवश्यक सहयोग सम्बन्धमा ।**

**निर्णय नं ४:**

जिल्ला प्रहरी कार्यालय सल्यानको कार्यालय परिसरमा रहेको भगवती मन्दिरमा फलामको रेलिङ निर्माण गर्नको लागि लागत अनुमान सहित सहयोगको लागि लेखिआएको हुदाँ सो कार्य सम्पन्न भए पश्चात लागत अनुमान र मूल्यांकनको आधारमा अन्य संस्था सहायत शिर्षकबाट रु ५५ हजार ५ सय २८ रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५  नागरिक सन्तुष्टी सर्वेक्षण र रोगजार रणनीति तर्जुमा तथा बैदेशिक रोजगार सम्वन्धी प्रोफाइल प्रस्तुतिकरण सम्वन्धमा ।**

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका विभिन्न कार्यालय मार्फत प्रदान गरिने सेवा प्रवाहमा नागरिकहरुको सन्तुष्टी सम्वन्धि **नविनतम मल्टी प्रपोज मिडिया प्रा.लि.**ले तयार पारेको **नागरिक सन्तुष्टी सर्वेक्षण प्रतिवेदन** र **रोगजार रणनीति तर्जुमा तथा बैदेशिक रोजगार सम्वन्धी डेभलपमेन्ट सोसाइटी नेपाल**ले तयार पारेको प्रोफाइल प्रस्तुतीकरण उपर व्यापक छलफल गरि स्विकृत गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६  संघीय शिक्षण सहयोग अनुदान कोटा वितरण गर्ने सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका वडा नं २ मा संचालित श्री देउराली माध्यमिक विद्यालय कुइयाँझोलमा माध्यमिक तह गणित विषयको संघीय शिक्षण सहयोग अनुदान कोटा ( संख्या १ ) वितरण गर्ने र संघिय अनुदान कोटाको रकम उपलव्ध हुन नसक्ने अवस्था आएमा यस अघि दिइएको गापा अनुदान कोटा पुनः कायम हुने निर्णय गरियो । साथै सो विषयमा शिक्षक पदपूर्तिका लागि सम्वन्धित विद्यालयलाई नियमानूसार विज्ञापन आव्हान गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ७  आर्थिक सहायता सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १. | चित्र बहादुर रोका | सिद्ध कुमाख ४ सल्यान | खुट्टासम्वन्धि अपाङ्गता भएको | रु १० हजार |